लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणको दृष्टिबाट

# संसदीय निगरानीसम्बन्धी मार्गदर्शन

संसद् सहयोग परियोजना
संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) नेपाल

U N
D P

लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको
समावेशीकरणको दृष्टिबाट

# संसदीय निगरानीसम्बन्धी मार्गदर्शन

२०६६

संसद् सहयोग परियोजना
संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) नेपाल

**कृतिः**

**लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणको दृष्टिबाट संसदीय निगरानीसम्बन्धी मार्गदर्शन**

(A Guideline for Parliamentary Oversight on Gender and Marginalized Groups' Inclusion Perspective)

**प्रकाशकः**

**संसद् सहयोग परियोजना**

**संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम**

तारा हाउस

सानेपा, ललितपुर, नेपाल ।

पो.ब. नं. १०७

काठमाण्डौं, नेपाल ।

फोन नं.: ००९७७–१–५०१३०५६

फ्याक्स नं.: ००९७७–१–५०१३०५५

**पहिलो प्रकाशनः**

वि. सं. २०७७/सन् २०२०

**सर्वाधिकार ©:**

प्रकाशकमा


# प्रकाशकीय

संसद् सहयोग परियोजना/संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) ले सङ्घीय संसद् तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरूका लागि विविध प्रकारका क्षमता अभिवृद्धि कार्यक्रम, कानून निर्माण प्रक्रियामा विधेयकहरूको पुनरावलोकन तथा जनपरामर्श कार्यक्रम, संसदीय निगरानीसम्बन्धी कार्यक्रम, अध्ययन तथा प्रतिवेदन लेखन, स्रोत केन्द्रको स्थापना, भिडियो कन्फ्रेन्सिङ्ग सुविधा, भौतिक पूर्वाधार विकास र ज्ञानबर्द्धक सामाग्रीहरूको उत्पादन तथा प्रकाशनका क्षेत्रमा सहकार्य गर्दै आएको छ ।

संसदीय निगरानी संसद्को प्रमुख कार्य मध्ये एक हो । संसद्ले, विशेषगरी सांसद तथा संसदीय समितिमार्फत, मुलुकको विद्यमान नीति तथा कानूनहरूको प्रभावकारिता, नयाँ बन्ने कानूनहरूको गुणात्मकता, सरकारी नीति, योजना तथा आश्वासनहरूको कार्यान्वयनको सुनिश्चितता तथा सरकारका नियमित कामकारबाहीको समेत निगरानी गरी थप उत्तरदायी गराउन सक्छ । आम नागरिकका साथै लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायका अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि निगरानी गर्न सक्छ ।

यो मार्गदर्शन विशेषगरी लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणको दृष्टिबाट संसदीय निगरानीका लागि तयार गरिएको हो । यसका लागि अध्ययन तथा लेखनमा सहयोग गर्ने अधिवक्ता इन्दु तुलाधर र सम्पादनमा सहयोग गर्ने परियोजनाका संसदीय मामिला टिमलिडर डा. यामबहादुर किसानजीलाई धन्यावाद दिन चाहन्छु ।

यस मार्ग दर्शनले विशेष गरी सङ्घीय संसद् तथा प्रदेश सभाका सांसद तथा संसदीय समितिहरूद्वारा लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणको दृष्टिबाट गरिने संसदीय निगरानीका कामकारबाहीमा सहयोगी हुनेछ भन्ने आशा गर्दछु ।



**डा. राजबहादुर श्रेष्ठ**
राष्ट्रिय परियोजना व्यवस्थापक
संसद् सहयोग परियोजना
संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम

# विषय सूची


१. **परिचय** ........ १

१.१. संसदीय निगरानीका प्रकारहरु ........ १

१.२ नेपालमा संसदीय निगरानी सम्बन्धी व्यवस्था ........ २

१.२.१ संसदद्वारा गरिने निगरानी ........ ३

१.२.२ संसदीय समितिहरुद्वारा गरिने निगरानी ........ ४

१.२.३ सांसदद्वारा गरिने निगरानी ........ ८

१.३ संसदीय निगरानीको आवश्यकता र महत्व ........ ११

१.४ नेपालमा प्रभावकारी संसदीय निगरानीका चुनौतीहरु ........ ११

२. **उद्देश्य** ........ १२

३. **क्षेत्र** ........ १३

**अनुसूची १ : लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणको दृष्टिबाट संसदीय निगरानीका लागि सूचीहरु** ........ १४

१. नीतिगत निगरान ........ १४

१.१ कानून निर्माणको चरणमा गरिने निगरानी ........ १४

१.२ प्रत्यायोजित विधायनसम्बन्धी निगरानी ........ १७

१.२.१ विधेयकमा प्रत्यायोजित विधायनसम्बन्धी निगरानी ........ १७

१.२.२ ऐनमा प्रत्यायोजित विधायनसम्बन्धी निगरानी ........ १८

१.३ कानून कार्यान्वयनको चरणमा गरिने निगरानी ........ २०

२. वित्तीय निगरानी ........ २२

३. स्थलगत निगरानी ........ २५

३.१ सरकारी नीति, योजना, कार्यक्रम र बजेट कार्यान्वयनको स्थलगत निगरानी ........ २५

३.२ भौतिक/पूर्वाधार विकास निर्माणका योजनाहरुको स्थलगत निगरानी ........ २६


३.३ मानव अधिकार उलङ्घनका घटनाको स्थलगत निगरानी ........ २९

**अनुसूची २ : परिभाषाहरु** ........ ३१

# १. परिचय (Introduction)

जनउत्तरदायी एवम् पारदर्शी शासन प्रणालीको निर्माण र सबलीकरण गर्न, शासकीय तथा नीति निर्माणको अभ्यासमा देखिएका, वा सम्भावित त्रुटीहरूको यथासमय सुधार गर्न र सरकारी अधिकारी तथा नीति निर्माताहरूलाई संविधान, कानून र नागरिक तथा संसद्प्रति उत्तरदायी बनाउन संसद्बाट गरिने कार्य नै संसदीय निगरानी हो । संसदीय लोकतान्त्रिक शासन प्रणालीमा संसदीय निगरानी एक महत्वपूर्ण अभ्यास हो । संसदीय निगरानीमार्फत संसद् तथा सांसदहरूले आफ्ना मतदाताहरूको तर्फबाट शासनका क्रममा रहेका कमजोरी र त्रुटीहरूलाई समयमै सम्बोधन गर्न तथा सरकारलाई आफ्नो दायित्व र भूमिका प्रभावकारी रूपमा निर्वाह गरी मुलुक, संविधान, कानूनको शासन, अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा नागरिकहरूप्रति उत्तरदायी बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

## १.१. संसदीय निगरानीका प्रकारहरू



**(१) नीतिगत निगरानी (Policy Oversight) :** नीतिगत निगरानी आफैमा तीन प्रकारको हुन्छः (क) कानून तर्जुमा तथा निर्माण प्रक्रियाकै क्रममा गरिने निगरानी (Pre-legislative oversight); (ख) प्रचलित नीति, कानून, सरकार तथा यसका निकायहरूद्वारा गरिने दैनिक नीतिगत निर्णयहरू, संविधान, अन्तर्राष्ट्रिय दयित्व, समावेशी सिद्धान्त र प्रत्यायोजित विधायनको मान्यताबमोजिम छ/छैन भनेर गरिने निगरानी (Post-legislative oversight); र, (ग) प्रचलित नीति, कानून, सरकार तथा यसका निकायहरूद्वारा गरिने दैनिक नीतिगत निर्णयहरूको उचित र प्रभावकारी कार्यान्वयन र प्रभाव वारे गरिने निगरानी ।

**(२) वित्तीय निगरानी (Financial Oversight) :** सरकारको वित्तीय नीति, बजेट, योजना र तिनको कार्यान्वयनउपर गरिने निगरानी वित्तीय निगरानी हो । यो पनि सामान्यतः दुई प्रकारले गरिन्छ : (क) सरकारद्वारा प्रस्तुत बार्षिक नीति तथा कार्यक्रम, बार्षिक तथा आवधिक बजेट र योजना, संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप छ/छैन भनेर गरिने निगरानी र, (ख) यस्ता बार्षिक नीति तथा कार्यक्रम र बार्षिक तथा आवधिक बजेट र योजनाको कार्यान्वयन नीतिसंगत तथा प्रभावकारी रूपमा भएको छ/छैन भनेर गरिने निगरानी ।

**(३) स्थलगत निगरानी (Field Oversight) :** सरकारको कुनै नीति, कानून तथा बजेटको कार्यान्वयनको अवस्था, कतै अनियमितता भएको आशंकाको अवस्था, कहिँ मानवअधिकार उलङ्घन भएको घटना वा अवस्था, र सार्वजनिक सरोकार, वा नागरिक अधिकार, वा मानवअधिकारको संरक्षण र सम्बर्द्धनसँग सम्बन्धित विषयमा संसदीय समितिद्वारा गरिने प्रत्यक्ष स्थलगत अनुगमन भ्रमण स्थलगत निगरानी हो ।

### १.७ नेपालमा संसदीय निगरानी सम्बन्धी व्यवस्था

नेपालको संविधान, प्रतिनिधि सभा नियमावली, २०७५, राष्ट्रिय सभा नियमावली २०७५, सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५, संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ र सातवटै प्रदेशका प्रदेश सभा नियमावलीहरूका अनुसार नेपालमा तपशीलबमोजिमका निकाय, संरचना, विधि, प्रक्रिया, औजार र विषयवस्तुका आधारमा संसदीय निगरानी हुने गर्दछन् ।

### १.७.१ संसद्‌द्वारा गरिने निगरानी

#### (१) महाभियोग प्रस्तावद्वारा संसदीय निगरानी

महाभियोग प्रस्ताव संसदीय निगरानीको एक महत्वपूर्ण अस्त्र हो । यसद्वारा संसद्‌ले राज्यका विभिन्न पदाधिकारीहरूको कामकारबाही उपर निगरानी राख्दछ । नेपालको संविधानको धारा १०१ को उपधारा (१) र (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १५४ र १६१ मा क्रमशः राष्ट्रपति, वा उपराष्ट्रपति, र संवैधानिक अङ्गका प्रमुख, वा सदस्य (प्रधान न्यायाधीश, वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख, वा पदाधिकारी) को विरूद्ध महाभियोग प्रस्ताव प्रतिनिधि सभामा पेश गर्न सकिने व्यवस्था छ । तर प्रदेशस्तरमा, प्रदेश नं. १ मा बाहेक अनेत्र यस प्रकारको व्यवस्था छैन ।[१]

#### (२) विश्वासको मत र अविश्वासको प्रस्तावद्वारा संसदीय निगरानी

विश्वासको मत तथा अविश्वासको प्रस्ताव, संसद्‌ले सरकारमाथि निगरानी गर्ने एक महत्पूर्ण औजार हो । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १५२ र १५३ ले सभाको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी अविश्वासको प्रस्तावको लिखित सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिने व्यवस्था छ । त्यसैगरी सातवटै प्रदेश सभा नियमावलीहरूमा सम्बन्धित प्रदेशका सरकारप्रमुख (मुख्यमन्त्री) का विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्न सक्ने व्यवस्था रहेका छन् ।[२]

---

१. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम १६७(५)क. मा प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्य विरूद्धको प्रस्ताव पेश गर्ने व्यवस्था रहेको छ ।

२. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम १२८ र १२९; प्रदेश नं. २ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४३ र १४४; बागमती प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७६) को नियम १४३ र १४४; गण्डकी प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७४) को नियम १४३ र १४४; प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४३ र १४४; कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १४२ र १४३; र सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४३ र १४४ मा यो व्यवस्था रहेको छ ।

### १.७.७ संसदीय समितिहरूद्वारा गरिने संसदीय निगरानी

प्रतिनिधि सभा नियमावली, २०७५, राष्ट्रिय सभा नियमावली, २०७५ र सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ मा सङ्घीय संसद्मा क्रमशः प्रतिनिधि सभामा दशवटा विषयगत समिति, राष्ट्रिय सभामा चारवटा विषयगत समिति र दुईवटा संयुक्त समितिहरू रहने व्यवस्था रहेका छन् । यी विषयगत तथा संयुक्त समितिहरू सङ्घीय संसद्का संसदीय निगरानी गर्ने निकायहरू हुन् । त्यसैगरी सातवटै प्रदेशका प्रदेश सभाहरू क्रमशः प्रदेश नं. १, प्रदेश सभा[३], प्रदेश नं. २, प्रदेश सभा[४], बागमती प्रदेश सभा[५], गण्डकी प्रदेश सभा[६], प्रदेश नं. ५, प्रदेश सभा[७], कर्णाली प्रदेश सभा[८] र सुदूरपश्चिम प्रदेश सभा[९] का प्रदेश सभा नियमावलीहरूले पनि

...............................................

३. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम १३१ मा ७ वटा विषयगत समितिहरूको व्यवस्था गरिएको छ । जसमा (१) न्याय, प्रशासन तथा विधायन समिति, (२) सुशासन तथा योजना समिति, (३) अर्थ समिति, (४) सार्वजनिक लेखा समिति, (५) सामाजिक विकास समिति, (६) उद्योग, पर्यटन तथा वातावरण समिति, र (७) प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति रहेका छन् ।

४. प्रदेश नं. २ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा ७ वटा विषयगत समितिहरू रहने व्यवस्था छ । जसमा (१) सार्वजनिक लेखा समिति, (२) प्रदेश मामिला समिति, (३) अर्थ तथा योजना समिति, (४) विकास समिति, (५) महिला, बालबालिका तथा सामाजिक न्याय समिति, (६) प्राकृतिक स्रोत तथा वातावरण समिति, र (७) कृषि तथा भूमि व्यवस्थापन समिति रहेका छन् ।

५. बागमती प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७६) को नियम १४६ मा ५ वटा विषयगत समितिहरू रहने व्यवस्था छ । जसमा, (१) प्रदेश मामिला समिति, (२) अर्थ तथा विकास समिति, (३) सार्वजनिक लेखा समिति, (४) शिक्षा, स्वास्थ्य तथा कृषि समिति, र (५) उद्योग, पर्यटन तथा वातावरण समिति रहेका छन् ।

६. गण्डकी प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७४) को नियम १४६ मा ४ वटा विषयगत समितिहरू रहने व्यवस्था छ । जसअनुसार, (१) विधायन समिति, (२) सार्वजनिक लेखा समिति, (३) प्रदेश मामिला समिति, र (४) अर्थ तथा विकास समिति रहेका छन् ।

७. प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा ६ वटा विषयगत समितिहरू रहने व्यवस्था छ । जसअनुसार, (१) अर्थ, उद्योग तथा पर्यटन समिति, (२) प्रदेश मामिला तथा कानून समिति, (३) सामाजिक विकास समिति, (४) सार्वजनिक लेखा समिति, (५) भौतिक पूर्वाधार तथा विकास समिति, र (६) कृषि, वन तथा वातावरण समिति रहेका छन् ।

८. कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा विभिन्न ४ वटा विषयगत समितिहरू रहने व्यवस्था छ । जसअनुसार, (१) विधायन तथा प्रदेश मामिला समिति, (२) सार्वजनिक लेखा समिति, (३) अर्थ तथा प्राकृतिक स्रोत समिति, र (४) सामाजिक विकास समिति रहेका छन् ।

९. सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा विभिन्न ४ वटा विषयगत समिति रहने व्यवस्था छ । जसअनुसार, (१) विधायन तथा प्रदेश मामिला समिति, (२) सार्वजनिक लेखा समिति, (३) अर्थ, विकास तथा प्राकृतिक स्रोत समिति, र (४) सामाजिक विकास समिति रहेका छन् ।

विषयगत समितिहरू र विशेष समितिहरू[१०] रहने व्यवस्था गरेका छन् । जो सम्बन्धित प्रदेशका संसदीय निगरानी गर्ने निकायहरू हुन् । यी समितिहरूले विभिन्न विधि, प्रक्रिया, औजार र विषयवस्तुका आधारमा निगरानी गर्ने गर्दछन् ।

### (१) संसदीय सुनुवाईद्वारा संसदीय निगरानी

सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ ले संसदीय सुनुवाई समितिको व्यवस्था गरेको छ भने संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ ले विस्तृत विधि तथा प्रक्रियाको व्यवस्था गरेको छ । सरकार वा राज्यले सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशहरू, राजदूत तथा अन्य संवैधानिक अङ्गहरूका पदाधिकारीका रूपमा प्रस्तावित व्यक्तिहरू सो पदको लागि उपयुक्त (इमान्दार, प्रतिबद्ध, उच्च नैतिक चरित्र भएको, राष्ट्रिय हित र सरोकारलाई प्रवर्द्धन गर्न सक्षम र योग्य) छन् वा छैनन् भनी परीक्षण गर्न संसदीय सुनुवाई गर्ने व्यवस्था छ । यसरी सिफारिस भएका व्यक्तिलाई सुनुवाई प्रकृयामा संसदीय समितिले अयोग्य वा अनुपयुक्त पाएमा उसको नियुक्तिको सिफारिसलाई अस्वीकार पनि गर्न सक्दछ । यो प्रक्रिया राजनीतिक एवम् संवैधानिक नियुक्ति हुने सार्वजनिक निकाय तथा पदमा संविधानले तोकेको योग्यताका सन्दर्भमा संसदीय निगरानी हो ।

### (२) नीति/कानून निर्माणमा संसदीय निगरानी

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६९ र १७० ले प्रतिनिधि सभामा १० वटा विषयगत समितिहरू रहने व्यवस्था गरेको छ[११] भने नियम १७५(क) ले समितिहरूलाई आ–आफ्नो कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय, आयोग र

१०. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम १३७, प्रदेश नं. २ को प्रदेश सभा नियमावली, २०७४ को नियम १५२, बागमती प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७६) को नियम १५२, गण्डकी प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७४) को नियम १५२, प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम १५२, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ र सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १५२ मा विशेष समिति गठन गर्न सकिने व्यवस्था छ ।

११. जसमा (१) अर्थ समिति, (२) अन्तर्राष्ट्रिय सम्बन्ध समिति, (३) उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, (४) कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, (५) महिला तथा सामाजिक समिति, (६) राज्य व्यवस्था तथा सुशासन समिति, (७) विकास तथा प्रविधि समिति, (८) शिक्षा तथा स्वास्थ्य समिति, (९) सार्वजनिक लेखा समिति, र (१०) कानून, न्याय तथा मानव अधिकार समिति रहेका छन् ।

निकायसँग सम्बन्धित विधेयकउपर दफादार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्न सक्ने अधिकार दिएको छ । त्यसैगरी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ ले राष्ट्रिय सभामा ४ वटा विषयगत समितिहरु रहने व्यवस्था गरेको छ ।[१२] तीमध्ये विधायन व्यवस्थापन समितिले राष्ट्रिय सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन र अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्दछ भने प्रतिनिधि सभाका सबै (सार्वजनिक लेखा समितिबाहेक) विषयगत समितिहरूले सो कार्य गर्दछन् । त्यसैगरी सातै प्रदेशका प्रदेश सभा नियमावलीहरूमा पनि विषयगत समितिहरु रहने व्यवस्था गरिएका छन् । ती समितिहरूले सङ्घीय संसद्का समितिहरूले जस्तै आ–आफ्नो कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयकउपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्न सक्दछन् । यो कानून निर्माणको चरण र प्रक्रियामा गरिने संसदीय निगरानी हो ।

### (३) प्रत्यायोजित विधायनसम्बन्धी संसदीय निगरानी

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७६ तथा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५३ ले प्रत्यायोजित विधायन सम्बन्धी कार्यको व्यवस्था गरेको छ । राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले प्रत्यायोजित तथा सरकारी आश्वासन सम्बन्धी कार्य र राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन सम्बन्धी विषयमा सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट सम्बन्धित विषयमा भए गरेका काम कारबाहीको निगरानी र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने कार्य गर्दछ । तर प्रतिनिधि सभा नियमावलीले प्रत्यायोजित विधायन सम्बन्धी अधिकार सम्बन्धित सबै विषयगत समितिहरूलाई दिएको देखिन्छ । सम्बन्धित समितिहरूले प्रत्यायोजित अधिकारका सम्बन्धमा कार्यपालिकाको कार्यहरूको निगरानी गर्दा ध्यान दिनुपर्ने विषयहरूको सूची पनि दिएको छ । तर प्रदेशहरूको हकमा प्रत्यायोजित विधायन सम्बन्धी व्यवस्था बागमती प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७६)[१३] ले मात्र

१२. जसमा, (१) दिगो विकास तथा सुशासन समिति, (२) विधायन व्यवस्थापन समिति, (३) प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति, र (४) राष्ट्रिय सरोकार तथा समन्वय समिति रहेका छन् ।

१३. बागमती प्रदेश सभा नियमावली २०७४ (पहिलो संशोधन २०७६) को नियम १६६क. (पहिलो संशोधन २०७६/०५/१० द्वारा थप) मा प्रत्यायोजित विधायन सम्बन्धी व्यवस्था रहेको छ । तर ६ वटा प्रदेशका प्रदेश सभा नियमावलीहरूले यो व्यवस्था गरेका छैनन् ।

गरेको पाइन्छ । अन्य प्रदेशका प्रदेश सभा नियमावलीहरूले पनि यो व्यवस्था गर्नु मनासिव देखिन्छ ।

**(४) नीति/कानून, योजना तथा बजेट कार्यान्वयनमा संसदीय निगरानी**

सङ्घीय संसद्का विषयगत समितिहरूले समग्रमा नीति/कानून निर्माणका साथै संविधान, कानून, नीति, योजना, बजेट, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व र सरकारी आश्वासन कार्यान्वयनको निगरानी गर्दछन् । उदाहरण लागि राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले नेपाल सरकारले अख्तियार गरेको दिगो एवम् सन्तुलित विकास र सुशासन प्रवर्द्धन सम्बन्धी विषयमा निगरानी गर्दछ । त्यसैगरी राष्ट्रिय सरोकार तथा समन्वय समितिले तहगत राज्य संरचनाको विकासमा समन्वय, राष्ट्रिय सम्पदा, मानव अधिकार तथा परराष्ट्र सम्बन्ध, सन्धि-सम्झौताको कार्यान्वयनको अवस्था, समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा र संवैधानिक आयोग सम्बन्धी विषयमा निगरानी गर्दछ । त्यसैगरी प्रतिनिधिसभाको अर्थ समितिले बजेट निर्माणको चरणमा र सार्वजनिक लेखा समितिले बजेट तथा योजना कार्यान्वयनको निगरानी गर्दछन् । अन्य विषयगत समितिहरूले पनि आआफ्ना कार्यक्षेत्रका विषयहरूमा निगरानी गर्ने गर्दछन् । प्रदेश सभाका विषयगत समितिहरूले पनि त्यसरी नै विषयगत रूपमा निगरानी गर्दछन् ।

**(५) स्थलगत प्रत्यक्ष निगरानी**

सङ्घीय संसद् वा प्रदेश सभाका जुनकुनै विषयगत समितिले आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरूमा आवश्यकता अनुसार प्रत्यक्ष स्थलगत निगरानी गर्न सक्छन् । त्यसमा मूलतः बजेट तथा योजनाको कार्यान्वयनको अवस्था, बजेट तथा योजनाको कार्यान्वयनमा ढिलासुस्ती, लापर्वाही वा अन्य अनियमितता भएको अवस्था, वा नागरिकको हकअधिकार हनन् भएको अवस्था, वा मानव अधिकारको संरक्षणका लागि स्थलगत निगरानी गर्न सक्छन् ।

**(६) राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयनको निगरानी**

सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २७ ले संविधानको धारा ५४ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनको निगरानी तथा मूल्याङ्कन गर्न

एक संयुक्त समिति रहने व्यवस्था गरेको छ । यस समितिको मुख्य कार्य नेपाल सरकारले संविधानको धारा ५३ बमोजिम पेश गरेको प्रतिवेदनको सम्बन्धमा छलफल र छानबिन गर्ने तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको निगरानी र मूल्याङ्कन गरी सिफारिस सहितको प्रतिवेदन तयार गरी सभामा पेश गर्ने रहेको छ ।

### १.७.३ सांसदद्वारा गरिने संसदीय निगरानी

विषयगत र अन्य संयुक्त तथा विशेष समितिहरूका अलावा सांसद (सङ्घीय संसद् र प्रदेश सभा सदस्य) हरूले व्यक्तिगत पहलमा समेत सरकार तथा विभिन्न सरकारी निकायका पदाधिकारीहरूको कामकारबाहीका वारेमा निगरानी गर्न सक्दछन् । यसका लागि उनीहरूले संविधान तथा सम्बन्धित सभाका नियमावलीहरूद्वारा प्राप्त अधिकार तथा औजारहरूको उपयोग गर्न सक्छन् । जो यस प्रकार छन्ः–

**(१) शून्य समय र विशेष समय**

शून्य समय र विशेष समय संसदीय निगरानीको एक महत्वपूर्ण औजार हो । जसको उपयोग गरी सङ्घीय संसद्का सदस्यहरूले व्यक्तिगत रूपमा सरकार तथा सरकारी निकायका काम कारबाहीहरूको निगरानी गर्न सक्छन् । शून्य र विशेष समय सम्बन्धमा राष्ट्रिय सभा नियमावली, २०७५, प्रतिनिधि सभा नियमावली, २०७५ र प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ मा[१४] स्पष्ट व्यवस्था गरिएको छ भने अन्य प्रदेशहरूमा सभामुखले आवश्यतानुसार शून्य समय र विशेष समय तोक्ने व्यवस्था छ ।

**(२) प्रश्नोत्तर र ध्यानाकर्षण**

प्रश्नोत्तर र ध्यानाकर्षण प्रस्ताव सांसदहरूद्वारा उपयोग गरिने संसदीय निगरानीको अर्को महत्वपूर्ण औजार हो । प्रतिनिधि सभा नियमावली, २०७५[१५] तथा राष्ट्रिय

..............................................

१४. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम ४२.१ मा शून्य समयको व्यवस्था गरिएको छ ।

१५. प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ४० देखि ५५ सम्म र राष्ट्रिय सभा नियमावली २०७५ को नियम ४० देखि ५५ सम्म प्रश्नोत्तरको व्यवस्था रहेको छ ।

सभा नियमावली, २०७५, र सातै प्रदेशका प्रदेश सभा नियमावलीहरूमा[१६] नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारको उत्तरदायित्वभित्रको सार्वजनिक महत्वको कुनै पनि विषयमा बैठकमा लिखित वा मौखिक प्रश्न सोध्न सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी सङ्घीय संसद् वा प्रदेश सभाका कुनै पनि सदस्यले सभामुखको पूर्व स्वीकृति लिई सार्वजनिक महत्वको विषयमाथि सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गर्न सक्दछन् । यसरी प्रश्नोत्तर र ध्यानाकर्षणको माध्यमबाट सांसदहरूले संसदीय निगरानी गर्न सक्छन् ।

### (३) प्रधानमन्त्रीसँग प्रश्नोत्तर

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ५६ मा, संसदीय निगरानीको महत्वपूर्ण व्यवस्थाको रूपमा, प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर गर्न सकिने व्यवस्था गरिएको छ । उक्त नियम अनुसार प्रधानमन्त्री वा निजको कार्यक्षेत्रभित्र रहेका मन्त्रालयसँग सम्बन्धित महत्वपूर्ण विषयमा प्रश्न सोध्न सभामुखले प्रत्येक महिनाको पहिलो र तेस्रो हप्तामा बस्ने पहिलो बैठकको पहिलो एक घण्टा निर्धारण गर्न सक्ने व्यवस्था छ । कुनै कारणवश बैठक बस्न नसकेमा त्यसपछि लगत्तै बस्ने बैठकको पहिलो एक घण्टाको समय निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ । तर प्रधानमन्त्रीको कार्यक्षेत्रभित्र रहेका मन्त्रालयसँग सम्बन्धित विषयको जवाफ सभामुखको अनुमति लिई प्रधानमन्त्रीको अनुपस्थितिमा निजले तोकेको अर्को कुनै मन्त्रीले दिन बाधा नपुग्ने व्यवस्था छ । प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रमलाई नेपाल टेलिभिजन लगायत अन्य सञ्चारमाध्यमबाट समेत प्रत्यक्ष प्रसारण गर्न सकिने व्यवस्था छ । यो व्यवस्था राष्ट्रिय सभा नियमावली, २०७५ मा भने छैन । त्यसै गरी सातै प्रदेशका प्रदेश सभा नियमावलीहरूमा मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर गर्ने व्यवस्था रहेका छैनन्, जुन राख्नु मनासिव देखिन्छ ।

१६. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम ४० देखि ४१ सम्म; प्रदेश नं. २ को प्रदेश सभा नियमावली, २०७४ को नियम ४० देखि ५६ सम्म; बागमती प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७६) को नियम ४० देखि ५६ सम्म; गण्डकी प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७४) को नियम ४० देखि ६० सम्म; प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम ४० देखि ६० सम्म; कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३९ देखि ५९ सम्म; र सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ४० देखि ६० सम्म यो व्यवस्था रहेको छ ।

### (४) जरूरी सार्वजनिक महत्वको प्रस्ताव

जरूरी सार्वजनिक महत्वको प्रस्ताव पनि सांसदहरूद्वारा उपयोग गरिने संसदीय निगरानीको एउटा औजार हो । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६६ र सातवटै प्रदेशका प्रदेश सभा नियमावलीहरूमा[१७] यो प्रस्तावको व्यवस्था रहेका छन् । यसअनुसार, सङ्घीय संसद् वा प्रदेश सभाका कुनै पनि सदस्यले जरूरी सार्वजनिक महत्वको विषयमाथि छलफल गर्न चाहेमा तत्सम्बन्धी प्रस्ताव राखी सोद्वारा निगरानी गर्न सक्छन् ।

### (५) सङ्कल्प

सार्वजनिक महत्वको कुनै विषयमा राय वा सिफारिस प्रकट गर्न, नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध गर्न वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्न वा कुनै सन्देश वा निर्देशन दिन सङ्कल्प प्रस्तुत गर्न सकिने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८३ देखि ९२ सम्म, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७८ देखि ८७ सम्म र सातै प्रदेशका प्रदेश सभा नियमावलीहरूमा[१८] रहेका छन् । त्यसरी प्रस्तुत सङ्कल्प बैठकद्वारा स्वीकृत गरिएमा प्रत्येक सङ्कल्पको एकप्रति मन्त्रीपरिषद्लाई र सम्बन्धित मन्त्रीलाई पठाउनु पर्दछ । सम्बन्धित मन्त्रीले सङ्कल्प कार्यान्वयन गरी सोको जानकारी तत्काल सचिवालयमा पठाउनुपर्ने व्यवस्था छ । कुनै कारण परी सङ्कल्प कार्यान्वयन हुन नसकेकोमा त्यस्तो

१७. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम ४५ र ५८(ग) मा; प्रदेश नं. २ को प्रदेश सभा नियमावली, २०७४ को नियम ५८ र ७१ मा; बागमती प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७६) को नियम ५८ र ७२ मा; गण्डकी प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७४) को नियम ७२ मा; प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम ७२ मा; कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ७१ मा; र सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ५८ मा यो व्यवस्था छ ।

१८. प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५) को नियम ७० देखि ७९ सम्म; प्रदेश नं. २ को प्रदेश सभा नियमावली, २०७४ को नियम ८४ देखि ९३ सम्म; बागमती प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७६) को नियम ८४ देखि ९३ सम्म; गण्डकी प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७४) को नियम ८४ देखि ९३ सम्म; प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम ८४ देखि ९३ सम्म; कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ८३ देखि ९२ सम्म; र सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ८४ देखि ९३ सम्म यो व्यवस्था रहेको छ ।

कारण सहितको जानकारी सम्बन्धित सभालाई गराउनु पर्दछ । यो मूलतः कुनै नयाँ नीति निर्माण तथा प्रचलित नीति, कानून तथा योजनाहरूको तदारूकतासाथ कार्यान्वयन गर्नका लागि उपयोग गर्ने गरिन्छ ।

### १.३ संसदीय निगरानीको आवश्यकता र महत्त्व

(१) नेपालको संविधानले परिकल्पना गरेको सङ्घीयता, गणतन्त्र, संसदीय शासन प्रणाली, धर्म निरपेक्षता, समानुपातिक सहभागिता, सकारात्मक उपाय/आरक्षण, विशेष अधिकार, कानूनी शासन, समानता, अविभेदको मर्मअनुसारको नीति निर्माण तथा कार्यान्वयनका लागि संसदीय निगरानीको आवश्यकता र महत्व रहन्छ ।

(२) नेपालको संविधानको धारा १८(३), धारा ३८, धारा ४०, धारा ४२, धारा ८४(२) र धारा १७६(६) लगायत अन्य भाग, धारा, उपधारा, खण्ड र उपखण्डहरूले वर्गीकृत गरेको महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारू, मुश्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र पिछडिएको क्षेत्रका नागरिक र अन्य समूहको संविधानप्रदत्त हक अधिकारहरूको संरक्षण, सम्बर्द्धन र उपभोगका लागि संसदीय निगरानीको आवश्यकता र महत्व रहन्छ ।

(३) नेपालको संविधानको विभिन्न भाग, धारा, उपधारा, खण्ड र उपखण्डहरूले व्यवस्था गरेका राज्यका अङ्ग, निकाय, संरचना, साधन, स्रोत, सेवा र अवसरहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुश्लिम लगायतका उत्पीडित तथा सीमान्तकृत समूह/समुदाय र क्षेत्रका नागरिकहरूका बीच सारभूत समानताका आधारमा समानुपातिक वितरणका लागि संसदीय निगरानीको आवश्यकता र महत्व रहन्छ ।

(४) सङ्घ तथा प्रदेशका बार्षिक नीति तथा कार्यक्रम, बजेट, योजना, रणनीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि संसदीय निगरानीको आवश्यकता र महत्व रहन्छ ।

### १.४ नेपालमा प्रभावकारी संसदीय निगरानीका चुनौतीहरू

(१) संसदीय निगरानीका लागि गठन भएका विषयगत, संयुक्त र विशेष समितिहरु के विषयमा निगरानी गर्ने, वा नगर्ने भन्ने सवालमा अन्योल

रहनु, व्यवस्थित कार्ययोजनाको अभाव रहनु, एउटै विषय वा स्थलमा विभिन्न समितिहरूद्वारा दोहोरो-तेहेरो निगरानी गर्नु, एउटै विषयको निगरानीमा फरक-फरक समितिका फरक-फरक निश्कर्ष तथा निर्देशनहरू आउनु, कुन विषयमा के निर्देशन दिने भन्ने सवालमा पर्याप्त अध्ययन नहुनु, सचिवालयले व्यवस्थित रूपमा समितिहरूलाई अध्ययन अनुसन्धान लगायतका विषयहरूमा सहजीकरण गर्न नसक्नु प्रभावकारी संसदीय निगरानीका चुनौतीहरू हुन् ।

(२) विधेयकले प्रस्ताव गरेका प्रत्यायोजित अधिकारहरू र ऐनमा रहेका प्रत्यायोजित अधिकार अन्तर्गत कार्यपालिका वा कार्यकारी निकायले बनाएका नियम/नियमावली, विनियम/विनियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मार्गदर्शन, मापदण्ड, आदेश, परिपत्र, निर्णय र सूचनाहरूको पर्याप्त निगरानी र नियन्त्रण गर्न नसक्नु प्रभावकारी संसदीय निगरानीको अर्को चुनौती हो ।

(३) सांसदहरू तथा सचिवालयका कर्मचारीहरूमा संसदीय निगरानी सम्बन्धी पर्याप्त सैद्धान्तिक तथा कार्यविधिगत ज्ञानको अभाव रहनु पनि प्रभावकारी संसदीय निगरानीको चुनौती रहेको छ ।

## ?. उद्देश्य (Objective)

यस मार्गदर्शनका उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

(१) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणका दृष्टिबाट संसदीय निगरानीलाई प्रभाकारी, संवेदनशील र उत्तरदायी बनाउने ।

(२) लैङ्गिक समता, समानता, अविभेद र समानुपातिक समावेशीकरणको सिद्धान्तलाई ब्यवहारमा लागू गर्न संसदीय निगरानीको माध्यमबाट संसदीय समिति र सांसदहरूको भूमिकालाई प्रभावकारी बनाउने ।

(३) संसदीय निगरानीको माध्यमबाट लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायमुखी नयाँ कानून निर्माण तथा विद्यमान कानूनमा संशोधन, नयाँ नीति तथा कार्यक्रम र योजनाको तर्जुमा तथा प्रभावकारी कार्यान्वयन र मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

(४) संसदीय निगरानीमार्फत सरकार र राज्यका निकायहरूलाई लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको संवैधानिक अधिकार तथा समावेशीकरणप्रति थप सम्वेदनशील तथा उत्तरदायी बनाउने ।

(५) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायका सांसदहरूलाई आफ्ना अधिकार तथा दायित्वप्रति थप सचेत, उत्तरदायी र परिपक्व बनाउने ।

## ३. क्षेत्र (Scope)

यस मार्गदर्शन विशेषरूपमा सङ्घीय संसद् र प्रदेश सभाका सदस्य तथा विषयगत समितिहरूलाई लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको दृष्टिबाट संसदीय निगरानी गर्न सहज होस् भनेर तयार गरिएको हो । तर यसलाई सम्बन्धित सरोकारवालाहरू, नागरिक समाजका सङ्घ/संस्था तथा व्यक्तिहरू तथा विज्ञहरूले पनि आवश्यकता अनुसार प्रयोग गर्न सक्दछन् । यसले संसदीय निगरानी कार्य, प्रक्रिया र अवस्थाको वारेमा लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीताको सवालमा सचेत रहन मद्दत गर्दछ । जनप्रतिनिधिहरूलाई लैङ्गिक समानता तथा समावेशीता जस्ता महत्वपूर्ण सवालमा विधायिकी भूमिका निभाउन, नयाँ कानूनहरू प्रभावकारी बनाउन र विद्यमान कानूनहरूको पालना र प्रबर्द्धनमा सक्रिय रहन प्रेरित गर्दछ ।

# अनुसूचीः १

## लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणको दृष्टिबाट संसदीय निगरानीका लागि सूचीहरू

१. **नीतिगत निगरानी (Policy Oversight)**

१.१ **कानून निर्माणको चरणमा गरिने निगरानी (Pre-legislative Oversight)** : सरकारले संसद्मा दर्ता गरेको विधेयकउपर संसद्, विषयगत समिति, सांसद/सभासदहरू र विज्ञहरूद्वारा सैद्धान्तिक छलफल, दफावार छलफल, पुनरावलोकन, र प्रतिवेदन तयार गर्ने क्रममा गरिने नीतिगत निगरानी सम्बन्धी सूचीः–

(१) विधेयकमा महिला, पुरुष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको भौतिक सहभागिताको अवस्थालाई प्रभाव पार्ने प्रावधानहरू छन् कि छैनन् ? यिनले महिला, पुरुष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायमाथि कसरी प्रभाव पार्दछन् ?

(२) विधेयकमा स्रोत, साधन एवम् लाभसँग सम्बन्धित विद्यमान असमानतालाई (उदाहरणका लागि समाजमा विद्यमान श्रम विभाजन कार्यमा परिवर्तन ल्याउने, स्रोत साधन एवम् निर्णय प्रक्रियामा महिला, पुरूष एवम् बञ्चितीकरणमा परेका समूह र नपरेका समूह/समुदायबीचको समान पहुँच र नियन्त्रण) परिवर्तन गर्न सकिने सम्भावना बोकेका प्रावधानहरू छन् कि छैनन् ?

(३) विधेयकले संविधानले सुनिश्चित गरेका महिला, पुरुष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको अधिकारलाई संविधानको मर्म र भावनाअनुरूप व्यवस्था गरेको छ कि छैन ?

(४) विधेयकका प्रावधानहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा नेपालको संविधान, नेपाल

पक्ष राष्ट्र भएका सन्धि-सम्झौताहरु र सर्वोच्च अदालतले प्रतिपादन गरेका नजीरहरु अनुरूप छन् कि छैनन् ?

(५) विधेयकले अन्तर्राष्ट्रिय समुदाय तथा संयुक्त राष्ट्रसङ्घीय बडापत्रजनित निकायहरु[१९] र सन्धिजनित निकायहरूले[२०] दिएका सुझावहरूलाई समेटेको वा सम्बोधन गरेको छ कि छैन ?

(६) विधेयकले महिला, पुरुष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायका व्यक्तिहरुबीचको सारभूत समानताको लक्ष्य हासिल गर्नका लागि संविधान प्रदत्त समानुपातिक समावेशी सिद्धान्त तथा सकारात्मक उपाय/विभेद (आरक्षण) को सिद्वान्तलाई आत्मसात गरेको छ कि छैन ?

(७) विधेयकले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रभाव पार्छ कि पार्दैन ?, वा विधेयकका प्रावधानहरूले लैङ्गिक असमानतालाई सम्बोधन गर्छन् कि गर्दैनन् ? र विधेयकमा सारभूत समानता हासिल गर्न के के व्यवस्था थप गर्नु पर्ला ?

(८) विधेयकमा गरिएका व्यवस्थाले विभिन्न स्रोत र साधनमा (भूमि, आय आर्जन, गुणस्तरीय शिक्षा, सूचना, स्वास्थ्य सेवा तथा सुविधा, रोजगारी, अन्य सेवाहरु) महिला, पुरुष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको पहुँच सुनिश्चित गर्छ कि गर्दैन ? गर्दैन भने त्यस्तो पहुँच सुनिश्चित गर्न विधेयकमा के के थप/घट गर्नुपर्ला ?

(९) विधेयकले महिला, पुरुष तथा अन्य लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरु बीचको निर्णय प्रक्रिया र शक्ति सम्बन्धमा भएको असमानतालाई सम्बोधन गर्छ कि गर्दैन ? जस्तो :–

१९. Human Rights Council (HRC), Universal Periodic Review (UPR), Special Procedures of the Human Rights Council (SPHRC) and Human Rights Council Complain Procedures.

२०. CERD, CESCR, CCPR, CEDAW, CAT, CRC, CMW, CRPD etc.

(क) राजनीतिक तथा राज्यका विभिन्न निकायहरूमा समानुपातिक सहभागिताको व्यवस्था,

(ख) यौन तथा प्रजनन हकका दृष्टिबाट आफ्नो शरीरमाथि महिला र अन्य लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको अधिकार,

(ग) दाम्पत्य जीवनको अधिकार,

(घ) शोषण र हिंसाको अन्त्य,

(ङ) सारभूत समानता र समता,

(च) सञ्चार तथा सूचना,

(छ) पुरूषको भूमिकालाई बढी महत्व र महिलाको भूमिकालाई कम महत्वको ठान्ने सामाजिक सोँच र व्यवहारलाई परिवर्तन, आदि ।

(१०) विधेयकले महिला, पुरूष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदाय लक्षित गरी स्रोतहरूको पुनर्वितरणलाई सम्बोधन गर्छ कि गर्दैन ?

(११) विधेयक आफैंमा लैङ्गिक तटस्थ, लैङ्गिक रूपमा शोषणमुखी, लैङ्गिक उत्तरदायी वा लैङ्गिक रूपान्तरणमुखी के छ ?

(१२) विधेयकले दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदायहरू र अन्य समुदायबीच रहेको असमान सामाजिक तथा साँस्कृतिक सम्बन्धलाई रूपान्तरण गर्ने व्यवस्था गरेको छ कि छैन ?

(१३) विधेयकले छाउपडी, बोक्साबोक्सी, धामीझाँक्री/लामा/झारफुक, बली लगायतका अन्धविश्वास र हिंसालाई प्रोत्साहन वा निरूत्साहन के गर्छ वा गर्दैन ?

(१४) विधेयकले जात, जन्म, बंश, पेशा व्यवसाय र समुदायका आधारमा गरिने छुवाछूतलाई प्रोत्साहत वा निरूत्साहन के गर्छ वा गर्दैन ?

(१५) विधेयकमा लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणका निमित्त प्रस्तावित व्यवस्थाहरू संवैधानिक

प्रावधानअनुसार पर्याप्त छन् कि छैनन् ? छैनन् भने के कस्ता व्यवस्थाहरु थप/घट गर्नुपर्ला ?

(१६) विधेयकले लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरण सुनिश्चित गर्न कुनै संस्था वा संरचनात्मक व्यवस्था गरेको छ कि छैन ? छैन भने कस्तो संस्था/संरचनागत व्यवस्था आवश्यक पर्ला ?

(१७) विधेयकलाई समानुपातिक समावेशी सिद्धान्त वा सकारात्मक उपाय/विभेदको सिद्वान्तको मनसाय अनुरुप बनाउन विधेयकमा के के विषय थप/घट गर्न आवश्यक पर्ला ?

**१.२ प्रत्यायोजित विधायनसम्बन्धी निगरानी (Oversight on Delegated Legislation)**

**१.२.१ विधेयकमा प्रत्यायोजित विधायनसम्बन्धी निगरानी (Oversight on Pre-delegated Legislation)**ः सरकारले संसद्मा दर्ता गरेको विधेयकउपर संसद्, विषयगत समिति, सांसद/सभासदहरु र विज्ञहरुद्धारा सैद्धान्तिक छलफल, दफावार छलफल, पुनरावलोकन, र प्रतिवेदन तयार गर्ने क्रममा गरिने प्रत्यायोजित विधायन सम्बन्धी नीतिगत निगरानी सम्बन्धी सूचीः–

(१) विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापनसम्बन्धी विषयहरु प्रत्यायोजित विधायनको सिद्धान्त, मर्म, मूल्यमान्यता र संविधानको भावना अनुरूप छन् कि छैनन् ?

(२) विधेयकले प्रदान गरेको प्रत्यायोजित विधायन (नियम/नियमावली, विनियम/विनियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मार्गदर्शन, मापदण्ड, आदेश, परिपत्र, निर्णय र सूचना आदि) तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी अधिकार उपयुक्त/अनुपयुक्त, आवश्यक/अनावश्यक, पर्याप्त/अपर्यात्प के छ, वा छैन ?

(३) विधेयकले प्रत्यायोजित गरेका अधिकारहरुमा कुनै कर लगाउने, वा उठाउने, वा करको दर घटाउने, वा खारेज गर्ने, वा मुल्तवी राख्ने सम्बन्धी विषयहरु पनि परेका छन् कि (यदि छन् भने हटाउनुपर्ने हुन्छ) ?

(४) विधेयकले प्रत्यायोजित गरेका अधिकारहरूमा कतै अदालतको क्षेत्राधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हस्तक्षेप गर्ने विषयहरू पनि परेका छन् कि (यदि छन् भने हटाउनुपर्ने हुन्छ) ?

(५) विधेयकले प्रत्यायोजित गरेका अधिकारहरूमा कतै प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने, वा पूर्वप्रभावी, वा पश्चातदर्शी असर पर्ने विषयहरू पनि परेका छन् कि (यदि छन् भने हटाउनुपर्ने हुन्छ) ?

(६) विधेयकले प्रत्यायोजित गरेका अधिकारहरूमा कुनै कसुर सम्बन्धी परिभाषा, दण्ड जरिवाना, वा सँजाय सम्बन्धी सारवान कानूनका विषयहरू पो परेका छन् कि (यदि छन् भने हटाउनुपर्ने हुन्छ) ?

(७) विधेयकले प्रत्यायोजित गरेका अधिकारहरूमा कतै अदालत, वा न्यायिक, वा अर्धन्यायिक निकायको गठन तथा अधिकार क्षेत्रसँग सम्बन्धित विषयहरू पो परेका छन् कि (यदि छन् भने हटाउनुपर्ने हुन्छ) ?

(८) विधेयकले प्रत्यायोजित गरेका अधिकारहरूमा कतै लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरूको समानुपातिक समावेशीकरण, सकारात्मक उपाय, समानता, समता, अविभेदका अधिकारहरूलाई निषेध गर्ने, सीमित गर्ने, प्रक्रियालाई ढिला गर्ने वा बङ्ग्याउने सम्बन्धी विषयहरू पनि परेका छन् कि (यदि छन् भने हटाउनुपर्ने हुन्छ) ?

**१.२.२ ऐनमा प्रत्यायोजित विधायनसम्बन्धी निगरानी (Oversight on Post-delegated Legislation)**: विद्यमान/प्रचलित ऐनउपर संसद्, विषयगत समितिहरू, सांसद/सभासदहरू र विज्ञहरूद्वारा प्रत्यायोजित विधायन सम्बन्धी नीतिगत निगरानी सम्बन्धी सूचीः–

(१) ऐनद्वारा प्रत्यायोजित विधायनको सिद्धान्त, मूल्यमान्यता र अधिकारको सीमा वा अख्तियारी अन्तर्गत रहेर नेपाल सरकार वा प्रदेश सरकारले बनाउनु पर्ने नियम/नियमावली, विनियम/विनियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन,

मार्गदर्शन, मापदण्ड, आदेश, परिपत्र, निर्णय र सूचनाहरु बनाएको छ वा छैन ?

(२) त्यस्ता नियम/नियमावली, विनियम/विनियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मार्गदर्शन, मापदण्ड, आदेश, परिपत्र, निर्णय र सूचनाहरु संविधान वा ऐनद्वारा प्रदत्त प्रत्यायोजित अधिकारको सीमा र उद्देश्य अनुरूप बनेका छन् वा छैनन् ?

(३) ऐनले तोके बमोजिमका विषयहरु नियम/नियमावली, विनियम/विनियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मार्गदर्शन, मापदण्ड, आदेश, परिपत्र, निर्णय र सूचनाहरुमा परेका छन् वा छैनन् ?

(४) ऐनले प्रत्यायोजित गरेको व्यवस्था अनुसार बनेको नियम/नियमावली, विनियम/विनियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मार्गदर्शन, मापदण्ड, आदेश, परिपत्र, निर्णय र सूचनाहरु आदिले अदालतको क्षेत्राधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हस्तक्षेप गर्छन्, वा गर्दैनन् ?

(५) त्यस्ता प्रत्यायोजित विधायनहरु लैङ्गिक समानता र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको समावेशीकरणको संवैधानिक लक्ष्य हासिल गर्न सहजीकरण गर्ने प्रकृतिका छन् कि छैनन् ? वा विपरीत छ कि ?

(६) ऐनले प्रत्यायोजित गरेका अधिकार अन्तरगत बनेका विधायनहरुमा कुनै कसुर सम्बन्धी परिभाषा, दण्ड जरिवाना तथा सँजाय सम्बन्धी सारवान कानूनका विषयहरु पो परेका छन् कि ?

(७) ऐनले प्रत्यायोजित गरेका अधिकार अन्तरगत बनेका विधायनहरुमा लैङ्गिक र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायहरूको समानुपातिक समावेशीकरण, सकारात्मक उपाय, समानता, समता, अविभेदका अधिकारहरूलाई निषेध गर्ने, सीमित गर्ने, प्रक्रियालाई ढिला गर्ने, वा बङ्ग्याउने सम्बन्धी विषयहरु पो परेका छन् कि ?

**१.३ कानून कार्यान्वयनको चरणमा गरिने निगरानी (Post-legislative Oversight)**ः सरकारको विद्यमान/प्रचलित नीति, कानून, कार्यकारी निर्णय र सरकारी आश्वासनको कार्यान्वयन सम्बन्धी नीतिगत निगरानीका लागि सूचीः–

(१) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी नीति, कानून/ऐन तथा प्रत्यायोजित विधायनहरु नेपालको संविधान र सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्त अनुकूल छन् कि छैनन् ?

(२) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी नीति, कानून/ऐन तथा प्रत्यायोजित विधायनहरु नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि, अन्तर्राष्ट्रिय मानवीय कानून र प्रतिबद्धताहरु, संयुक्त राष्ट्रसङ्घीय बडापत्रजनित निकाय र सन्धिजनित निकायका सुझावहरु सापेक्षित छन् कि छैन ?

(३) ऐनले महिला, पुरूष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायका व्यक्तिहरूको सारभूत समानताको लक्ष्य हासिल गर्नका लागि संविधान प्रदत्त समानुपातिक समावेशी सिद्धान्त, तथा सकारात्मक उपाय, तथा विभेद (आरक्षण) को सिद्वान्तलाई आत्मसात गरेको छ कि छैन ? वा त्यसको विपरीत पो छ कि ?

(४) ऐनमा गरिएको व्यवस्थाले राज्यका स्रोत, साधन, अवसर र सेवाहरु (भूमि, आय आर्जन, गुणस्तरीय शिक्षा, सूचना, स्वास्थ्य सेवा तथा सुविधा, रोजगारी, अन्य सेवाहरु) मा महिला, पुरूष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको पहुँच सुनिश्चित गर्छ कि गर्दैन ?

(५) ऐनमा स्रोत, साधन एवम् लाभसँग सम्बन्धित विद्यमान असमानतालाई (समाजमा विद्यमान श्रम विभाजन कार्यमा परिवर्तन ल्याउने, स्रोत साधन एवम् निर्णय प्रक्रियामा महिला, पुरूष एवम् बञ्चितीकरणमा परेका समूह र नपरेका समूह/समुदायबीचको समान पहुँच र नियन्त्रण) परिवर्तन गर्ने खालका प्रावधानहरु छन् कि छैनन् ?

(६) ऐन आफैंमा लैङ्गिक तटस्थ, लैङ्गिक रूपमा शोषणमुखी, लैङ्गिक उत्तरदायी वा लैङ्गिक रूपान्तरणमुखी के छ, वा छैन ?

(७) ऐनले दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदायहरु र अन्य समुदायबीच रहेको असमान सामाजिक तथा साँस्कृतिक सम्बन्धलाई रूपान्तरण गर्ने व्यवस्था गरेको छ कि छैन ?

(८) ऐनले जातप्रथा, छाउपडी प्रथा, बोक्साबोक्सी तथा धामीझाँक्री प्रथा, बलीप्रथा लगायतका सामाजिक अन्धविश्वास र हिंसालाई प्रोत्साहन वा निरूत्साहन गर्छ, वा गर्दैन ?

(९) ऐनले जात, जन्म, बंश र पेशाका आधारमा गरिने छुवाछूत तथा विभेदलाई प्रोत्साहत वा निरूत्साहन के गर्छ, वा गर्दैन ?

(१०) ऐनले महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदायहरूको संवैधानिक अधिकारहरु प्रत्याभूतिका लागि स्थापना गर्नुपर्ने कुनै संस्था वा संरचनाको व्यवस्था गरेको छ कि छैन ।

(११) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी नीति, कानून/ऐन तथा प्रत्यायोजित विधायनहरु कार्यान्वयनका लागि आवश्यक पूर्वाधारहरु तयार गरिएका छन् कि छैनन ?

(१२) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी नीति, कानून/ऐन तथा प्रत्यायोजित विधायनहरु कार्यान्वयनका चुनौतीहरूको पहिचान र सम्बोधनका रणनीतिक कार्ययोजना तयार गरिएका छन् कि छैनन् ?

(१३) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी नीति, कानून/ऐन तथा प्रत्यायोजित विधायनहरु कार्यान्वयनका लागि पर्याप्त स्रोत, साधन र बजेट उपलब्ध छन् कि छैनन् ? छैनन् भने जुटाउन के कस्ता पहलहरु भए वा भएनन् ?

(१४) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी नीति, कानून/ऐन तथा प्रत्यायोजित विधायनहरु कार्यान्वयनका लागि आवश्यक मानव स्रोतको अवस्था के छ ? मानव स्रोतको क्षमता अभिवृद्धिका निमित्त के कस्ता योजनाहरु तर्जुमा गरिएका छन्, वा छैनन् ?

(१५) लैङ्गिक र तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी नीति, कानून/ऐन तथा प्रत्यायोजित विधायनहरु कार्यान्वयनका लागि क्षमता अभिवृद्धिका योजनाका निमित्त के कति स्रोत विनियोजन भयो ? सोको प्रभावकारी उपयोग भयो कि भएन ?

(१६) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी सरकारी आश्वासनहरु कार्यान्वयन भए कि भएनन् ? त्यसका लागि आवश्यक पूर्वाधार, संस्था/संरचना, बजेट, नीति, कानून, रणनीति र कार्ययोजना बने कि बनेनन् ?

(१७) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरु सम्बन्धी भएका घोषणा तथा कार्यकारी निर्णयहरु कार्यान्वयन भए कि भएनन् ? त्यसका लागि आवश्यक पूर्वाधार, संस्था/संरचना, बजेट, नीति, कानून, रणनीति र कार्ययोजना बने कि बनेनन् ?

(१८) समग्र कार्यान्वयन पक्षको उपलब्धि के रह्यो ? त्यसको विस्तृत लैंङ्गिक तथा सीमान्तकृत समूह/समुदाय सापेक्ष लेखाजोखा भयो कि भएन ?

## ङ. वित्तीय निगरानी (Financial Oversight)

सरकारको नीति तथा कार्यक्रम, बार्षिक तथा आवधिक बजेट, योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निगरानीका लागि सूचीः–

(१) प्रस्तावित नीति तथा कार्यक्रम र सो सँग सम्बन्धित प्रस्तावित बजेट/खर्चले महिला, पुरुष एवम् उत्पीडित तथा सीमान्तकृत समूह/समुदायहरूलाई फरक रूपमा कसरी प्रभाव पार्दछ ?

(२) नीति तथा कार्यक्रम र प्रस्तावित बजेटको लैङ्गिक तथा सीमान्तकृत समूह/समुदाय–सापेक्ष विश्लेषण तथा लेखाजोखा गर्ने सम्बन्धी व्यवस्था गरिएको छ कि छैन ?

(३) विस्तृत लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरूका खण्डीकृत सूचकहरू तथा तथ्याङ्कहरू तयार गरिएका छन् कि छैनन् ?

(४) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायहरूको हक अधिकार सुनिश्चित गर्न सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गराउने विशेष के कस्तो नीति, कार्यक्रम, बजेट र योजनाहरू अघि बढाएको छ र त्यसको उपलब्धिहरूको अवस्था के छ ?

(५) महिलामाथि हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, जातीय विभेद विरूद्धको महासन्धि, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, र आदिवासी जनजातिको अधिकार सम्बन्धी महासन्धिहरू कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय समुदायले दिएका सुझावहरू सम्बोधन गर्न सरकारले नीति तथा कार्यक्रम, बजेट र योजना मार्फत सम्बोधन गर्ने गरेको छ कि छैन ?

(६) सरकारको वार्षिक नीति तथा कार्यक्रमहरू नागरिकको संवैधानिक अधिकार, सरकारको आवधिक नीति तथा योजनाहरू र दिगो विकासको लक्ष्य (विशेष गरी लक्ष्य नं. ५, ८, १०, १६) हासिल गर्न योगदान दिने प्रकृतिका छन् कि छैनन् ?

(७) नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने संयन्त्रहरूमा महिला र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायहरूको सहभागिताका सम्बन्धमा व्यवस्था गरिएको छ कि छैन ।

(८) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको क्षमता अभिवृद्धि सम्बन्धी विशेष नीति तथा कार्यक्रमहरू परेका छन् कि छैनन् ? स्रोतको व्यवस्था गरिएको छ कि छैन ?

(९) लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको रोजगारी र आय आर्जन/उत्पादन र अभिवृद्धिमा बजेट विनियोजन गरिएको छ कि छैन ।

(१०) लैङ्गिक समानता हासिल गर्न विनियोजन गरेको बजेट पर्याप्त छ कि छैन ? महिलामा हुने सावर्जनिक खर्चको लाभको अवस्था कस्तो छ ?

(११) नीति तथा योजनाले महिलाको बिना पारिश्रमिक तथा सेवामुलक श्रममा भएको समय र स्याहार/सुसार सम्बन्धी कार्यबोझ घटाउन

ल्याइएको सामाजिक सुरक्षा योजना तथा बजेट, बिना पारिश्रमिक तथा सेवामुलक श्रममा पुरुषको संलग्नता र सहभागिता बढाउन ल्याइएका कार्यक्रमहरूका भिन्नता के छन् ?

(१२) महिला तथा पुरुषको लैङ्गिक भूमिकामा रूपान्तरण ल्याउनका निमित्त सामाजिक सुरक्षा, सार्वजनिक सेवा तथा भौतिक पूर्वाधार, लैङ्गिक संवेदनशीलताको सुरक्षा व्यवस्थामा गरिएको लगानी पर्याप्त छ कि छैन ?

(१३) कर प्रणाली तथा बजेटले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महिला, पुरुष र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको आर्थिक विकासको छनौट, सामाजिक तथा लैङ्गिक समानता आदिमा सकारात्मक प्रभाव पार्छ कि पार्दैन ?

(१४) अति आवश्यकीय वस्तुहरु, जस्तो खाना पकाउने ग्याँस, मट्टितेल, स-साना बालबालिकाको ड्राइपर, स्यानेटरी प्याड, खाद्य वस्तु, पुस्तक आदिमा लगाइएको मूल्य अभिवृद्धि करले महिला, विपन्न वर्ग र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायलाई फरक ढङ्गले पार्ने प्रभाव के कस्तो हुन सक्छ ?

(१५) पूँजीमा पहुँच, बैंक, सहकारी जस्ता वित्तीय निकायहरूसम्म महिला र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको पहुँच सुनिश्चित गर्न नीति तथा कार्यक्रममा कुनै व्यवस्था गरिएको छ कि छैन ।

(१६) छुवाछूतमुक्त राष्ट्रको घोषणा र छुवाछूत विरूद्धको ऐनलाई कार्यान्वयन गर्न नीति तथा कार्यक्रममा बजेट र योजना ल्याइएको छ कि छैन ? छ भने पर्याप्त छ कि छैन ?

(१७) जातपात, बोक्साबोक्सी, धामीझाँक्री, झारफुक, लामा, छाउपडी, पशुबली लगायतका अन्धविश्वासजन्य कुप्रथाहरूको नियन्त्रण, न्यूनीयकरण र निवारण गर्ने नीति, योजना र बजेटको व्यवस्था गरिएको छ कि छैन ?

(१८) दाइँजो, डोली, कमैया, हलिया, हरवाचरवा जस्ता सामाजिक कुप्रथा र अवस्थाहरूको उन्मूलनका लागि नीति, योजना र बजेटको व्यवस्था छ कि छैन ? छ भने पर्याप्त छ कि छैन ?

## ३. स्थलगत निगरानी (Field Oversight)

सरकारको नीति/रणनीति, कानून, योजना तथा बजेटको कार्यान्वयन अवस्था, अनियमितताको अवस्था, मानवअधिकार उलङ्घनको अवस्था र नागरिकको अधिकार संरक्षणका लागि प्रत्यक्ष स्थलगत अनुगमन भ्रमणद्वारा गरिने निगरानीका लागि सूचीः–

### ३.१ सरकारी नीति, योजना, कार्यक्रम र बजेट कार्यान्वयनको स्थलगत निगरानीः

(१) नीति, योजना, कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा महिला तथा सीमान्तकृत समूह/समुदायको भौतिक सहभागिताको व्यवस्था के छ ?

(२) क्षमता अभिवृद्धि सम्बन्धी योजनाले महिला, पुरुष र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायका निमित्त गरिएको विशेष व्यवस्थाको कार्यान्वयनको अवस्था के छ ?

(३) आय आर्जन तथा रोजगारीमा महिला तथा सीमान्तकृत समूह/समुदायको निमित्त गरिएको विशेष व्यवस्थाले ल्याएको परिणाम के कस्ता छन् ?

(४) महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमीको अवस्था के छ ?

(५) कुनै निकायले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धन र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको लागि विनियोजन गरेको बजेटको पर्याप्तता के कस्तो छ ?

(६) योजना कार्यान्वयन गर्दा के के शीर्षकमा (जस्तो सामान किन्न, सेवा प्रदान गर्न र पूँजीको लगानी) गरेको खर्चको अवस्था के छ ?

(७) एक आर्थिक वर्षभित्र लैङ्गिक समानता र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको समावेशिताको क्षेत्रमा गरेको खर्चको अवस्था के रहेछ ?

(८) कुन समयभित्र बढी रकम खर्च भयो ? त्यो खर्च लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको हितको दृष्टिकोणले न्यायोचित भयो कि भएन ?

(९) तोकिएको आर्थिक वर्षको अन्त्यमा लैङ्गिक तथा सीमान्तकृत समूह/समुदायको समावेशिता हासिल गर्न विविध क्षेत्रमा विनियोजित बजेट बाँकी (सरप्लस) रह्यो कि रहेन ? त्यस्तो अवस्था किन श्रृजना भयो ? के अर्को वर्ष रकम घटाउनु पर्छ वा बढाउनु पर्छ ?

(१०) कार्यक्रमको बजेट अनुपात कति छ, जुन प्रत्यक्ष रूपमा महिला तथा सीमान्तकृत समूह/समुदायभित्रका पनि विपन्न वर्गमा पुगेको छ कि छैन ? नेपाल सरकारको लैङ्गिक उत्तरदायी बजेटको सूचाङ्कको आधारमा मापन गर्दा के पर्याप्त छ, वा छैन ?

(११) विभिन्न गतिविधिहरूमा खर्च गरिएको रकमले जीवनस्तर सुधार्न र समावेशीकरण बढाउन सहयोग गरेको छ कि छैन ?

(१२) तटस्थ गतिविधिमा खर्च गरिएको कार्यक्रम र बजेटको अनुपात कति छ, जसले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा जीवनस्तर उकास्न र सामाजिक समावेशीकरणमा सहयोग गर्छ कि गर्दैन ?

## ३.२ भौतिक/पूर्वाधार विकास निर्माणका योजनाहरूको स्थलगत निगरानी:

(१) पूर्वाधार निर्माणका निमित्त बनेका उपभोक्ता समितिहरूमा महिला तथा सीमान्तकृत समूह/समुदायको सहभागिता तथा नेतृत्वदायी भूमिकाको अवस्था के छ ?

(२) महिला तथा सीमान्तकृत समूह/समुदायका मानिसहरूलाई परियोजना, त्यसका उद्देश्य र अपेक्षित नतिजाहरूको बारेमा जानकारी दिइयो कि दिइएन ?

(३) लैङ्गिक र सामाजिक अवरोधलाई ध्यानमा राख्ने बाहेक सबलीकरण र लैङ्गिक तथा सामाजिक सम्बन्धको रूपान्तरण गर्ने प्रकृतिको योजना निर्माण गरियो कि गरिएन ?

(४) समावेशीकरणलाई लक्षित गर्ने स्पष्ट उद्देश्य र अपेक्षित नतिजाको निर्धारण गरियो कि गरिएन ?

(५) विकास निर्माणका कार्यबाट महिला तथा पुरुषहरु र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको मानिसहरु भिन्न रुपमा प्रभावित भएका छन् कि छैनन् ?

(६) उक्त परियोजना निर्माण गर्दा रोजगारीमा महिला र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायका व्यक्तिहरूलाई विशेष अवसर प्रदान गर्ने रणनीति अपनाएको छ कि छैन ?

(७) महिला र पुरुषलाई समान कामका लागि समान ज्याला दिने व्यवस्था लागू गरियो कि गरिएन ?

(८) कार्यस्थलमा हुने महिला तथा किशोरीमाथिको यौनजन्य हिंसा तथा जातका आधारमा हुने छुवाछूत तथा विभेद सम्बोधनका निमित्त कुनै नीतिगत र संरचनागत व्यवस्था गरिए कि गरिएनन् ?

(९) महिला तथा सीमान्तकृत समूह/समुदायलाई योगदानमा आधारित सामाजिक सुरक्षासित जोडियो कि जोडिएन ? जोड्नका निमित्त कुनै विशेष व्यवस्था गरियो कि गरिएन ?

(१०) महिला र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायका व्यक्तिहरूलाई अन्य रोजगारीका क्षेत्रमा प्राथमिकता दिने नीति लागू गरियो कि गरिएन ?

(११) परियोजनाले समाजमा विद्यमान परम्परागत लैङ्गिक अवधारणा तथा हानीकारक अभ्यासहरु (छाउपडी, बाल विवाह, दाइजो, बोक्सी आदि) मा महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको भूमिकामा के कस्तो परिवर्तन ल्यायो ?

(१२) परियोजनाले समाजमा विद्यमान महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको भूमिकाको आधारमा, लैङ्गिक तथा जातिगत सामाजिक उपेक्षा, स्रोत र साधनसम्मको पहुँच तथा नियन्त्रणमा आइपर्ने अवरोध सम्बोधन गर्न के कस्तो रणनीति अपनाएको पाइयो ?

(१३) परियोजनाले प्राथमिक कार्यक्रम र महिलाको उत्पादनमूलक शीप विकासमा ध्यान दिइयो कि दिइएन ? कार्यान्वयन प्रणालीमा महिला तथा सीमान्तकृत समूह/समुदायको सहभागिताको अवस्था कस्तो रह्यो ?

(१४) आयोजनाबाट प्राप्त हुने प्रतिफलबाट प्रतिकूल असर हुन नदिन महिला र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायका व्यक्तिहरूको समग्र मानव अधिकार हनन् सम्बन्धी मुद्दाहरूको सम्बोधन गर्न परियोजना तथा अन्य अनौपचारिक संस्थाहरुद्वारा विभिन्न क्रियाकलापहरु (जस्तैः प्रभावकारी सम्वाद तथा वकालत) तथा संरचनाहरूको व्यवस्था गरियो कि गरिएन ?

(१५) परम्परागत मूल्य, मान्यता एवम् प्रवृत्तिमा परिवर्तन ल्याउन स्थानीय समूह तथा बुद्विजिवीहरूसँगको सहकार्य गर्ने सम्बन्धमा के कस्ता रणनीति अपनाइयो ?

(१६) महिला, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने भौतिक सुविधाको व्यवस्था (भिन्न शौचालय, बच्चालाई स्तनपान गराउने कक्षस्थान, अपाङ्गतामैत्री कार्यालय ले–आउट आदि) गरियो कि गरिएन र गरिएको भए के कस्तो पाइयो ?

(१७) कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी सेवा प्रवाह सम्बन्धी क्रियाकलाप (लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरु बारे जानकारीमूलक सूचना प्रवाहको व्यवस्था, लैङ्गिक उत्तरदायी भाषाको प्रयोग, अपाङ्गता भएका व्यक्ति उत्तरदायी भाषा, नागरिक बडापत्र, भ्रमण, अभिमूखीकरण तालिम आदि) को व्यवस्था के कस्तो पाइयो ?

(१८) महिला र उत्पीडित तथा सीमान्तकृत समूह/समुदायको लागि रोजगारीको अवसरको उपलब्धता, सञ्चालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारीमा सहभागिताको सुनिश्चितताको अवस्था के कस्तो पाइयो ?

(१९) आय आर्जनका वैकल्पिक अवसर वा वृत्ति विकासका अवसर सिर्जना हुने भएमा-सञ्चालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारी बाहेक आय आर्जनका वा वृत्ति विकासका अन्य वैकल्पिक अवसरहरु सिर्जना हुन सक्ने (जस्तैः विभिन्न प्राविधिक तथा सीप विकास सम्बन्धी कार्यक्रमबाट सिर्जना

हुने वृत्ति विकास, पूँजीमा पहुँच, बैंक, सहकारी जस्ता वित्तीय निकायहरूसम्मको पहुँच र बजार विकास लगायतका कारण सिर्जित वैकल्पिक अवसर आदि) अवस्था के कस्ता पाइयो ?

(२०) दिगो विकास लक्ष्यको सम्बन्धित लक्ष्यहरूलाई समेटियो वा समेटिएन ?

(२१) कार्य सम्पादनमा सहजता र समयको बचत तुरुन्त लाभ हुने तथा महिलाको समय बचत हुने नयाँ प्रविधि, तौरतरिकाको प्रयोगको व्यवस्था भएमा (जस्तैः घुम्ती बैंक, खानेपानी, सडक, सिँचाइ, स्कूल जान नपाएका युवा-युवतीहरूलाई अनौपचारिक शिक्षा, कार्यस्थलमा स्कूल, स्वास्थ्य सेवा, नयाँ महिलामैत्री प्रविधिहरु आदि) के रहेको पाइयो ?

(२२) परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन परिणाममुखी प्रयास भएमा, परम्परागत भूमिका परिवर्तनका लागि निम्न बमोजिमको प्रयास भयो भएन ?

(क) विभिन्न क्षेत्रमा परम्परागत रूपमा गरिने श्रम विभाजनभन्दा भिन्न प्रकृतिको कार्यमा (मूल्य तथा स्तरअभिवृद्धि सहित) महिलाहरूको भूमिकामा रूपान्तरण हुने व्यवस्था ।

(ख) महिलाहरूको विना पारिश्रमिक तथा सेवामूलक कामको महत्व र सम्मान, घरायसी काममा महिलाको विशेष बोझ बारे प्रशिक्षण तथा प्रचार सामग्रीमा छलफल र यस्ता घरायसी काममा पुरूषको सहभागिता अभिवृद्धि गरी सहकार्यको भावनालाई प्रोत्साहन गर्ने सकारात्मक व्यवस्था ।

## ३.३ मानव अधिकार उलङ्घनका घटनाको स्थलगत निगरानीः

(१) घटनाबाट पीडित व्यक्ति वा समूह मध्ये महिला, पुरूष, बालबालिका, युवायुवती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला वा कुनै निश्चित जात, जाति, समुदाय, धर्म सम्प्रदाय, भाषिक समुदाय, वा दलित, गैर दलित, वा

गैर नेपाली, वा राज्यको सार्वजनिक पद धारण गरेको व्यक्ति, वा अमुक राजनीतिक दलको नेता कार्यकर्ता को को हुन् ?

(२) घटनाका पीडक व्यक्ति वा समूह मध्ये महिला, पुरूष, युवायुवती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वा कुनै निश्चित जात, जाति, समुदाय, धर्म सम्प्रदाय, भाषिक समुदाय, वा दलित, गैर दलित, गैर नेपाली, वा राज्यका सार्वजनिक पद धारण गरेका व्यक्ति वा कुनै दलका नेता कार्यकर्ता को को हुन् ?

(३) पीडित व्यक्तिहरूको संख्या, उमेर, लिङ्ग, शारीरिक वा मानसिक अवस्था, पारिवारिक अवस्था, आर्थिक अवस्था, राज्यको साधन, स्रोत, अवसर र न्यायमा पहुँच र शक्तिसम्बन्धको अवस्था के छ ?

(४) पीडक व्यक्ति, समूह/समुदाय/सम्प्रदाय, राज्यका साधन, स्रोत, अवसर र न्यायमा पहुँचको अवस्था, राज्यको कुनै निकायसँगको संलग्नता, वा अमुक राजनीतिक दलसँगको संलग्नताको अवस्था के छ ?

(५) पीडित रहेको टोलका अन्य जात, जाति, परिवार, समुदाय, सम्प्रदायको अवस्था के छ ?

(६) घटनाका बाह्य र आन्तरिक कारण के के हुन सक्छन् ? भौगोलिक तथा अन्य भौतिक परिवेश कस्तो छ ?

(७) पीडितको तत्काल उद्धार, संरक्षण र पुनर्स्थापनाको निम्ति तथा जाहेरी दर्ता, पक्राउ र अनुसन्धान तहकीकातको सन्दर्भमा स्थानीय प्रहरीको भूमिका कस्तो रहेको पाइयो ?

(८) पीडितका शारीरिक, मानसिक, पारिवारिक, सामुदायिक/साम्प्रदायिक अधिकारको संरक्षणका लागि तत्काल उठाउनुपर्ने कदमहरू (नीतिगत, कानूनी, प्रक्रियागत, राहत/बजेट, अस्पताल भर्ना, सुरक्षा वा संरक्षण गृहको व्यवस्था) के के हुनसक्छन् ?

(९) यस्ता घटना दोहोरिन नदिन दीर्घकालीन रणनीति के के हुन सक्छन् ?

# अनुसूचीः ७

## परिभाषाहरु

- **"लैङ्गिक"** भन्नाले समाज निर्मित पुरुष, महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको भूमिका एवम् पहिचानका साथै उनीहरुबीचको सम्बन्धलाई सम्झनु पर्छ ।
- **"उत्पीडित तथा सीमान्तकृत समूह/समुदाय"** भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, आर्थिक एवम् भौगोलिक कारणहरुले गर्दा पछि परेका दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम, थारू, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, धार्मिक अल्पसङ्ख्यक, बालबालिका र पिछडिएको क्षेत्रका नागरिक सम्झनुपर्छ ।
- **"जोखिममा परेका समूह"** भन्नाले सामान्य जनताको तुलनामा विपन्नता एवम् सामाजिक बञ्चितीकरणको कारण बढी जोखिम व्यहोर्ने अल्पसङ्ख्यक जनजाति, बसाइँ–सराइ गरेका, शारीरिक अपाङ्गता भएका, घरबार विहीन, दुर्व्यवहार खेपेका, एक्लिएका, जेष्ठ नागरिक एवम् बालबालिकाहरुलाई सम्झनु पर्छ ।
- **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला वा पुरूषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।
- **"लैङ्गिक समानता"** भन्नाले महिला, पुरूष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।
- **"लैङ्गिक तटस्थ"** भन्नाले यस्ता परियोजना बुझिन्छ जसले समग्रमा ठूलो लैङ्गिक वातावरण र निश्चित लैङ्गिक भूमिकालाई कार्यक्रममा समावेश गरेका हुँदैनन् । ती कार्यक्रमहरुले पूर्ण रूपमा लैङ्गिक समानता र निश्चित लैङ्गिक भूमिकाहरु बारे विमर्श गरेको हुँदैन जुन कुराहरुले कार्यक्रमको लाभदायीहरुलाई असर पारिरहेको हुन्छ ।

- **"लैङ्गिक सचेतन" (Gender Aware)** भन्नाले स्थानीय लैङ्गिक भिन्नता, नीति र सम्बन्ध तथा त्यसको कार्यक्रममाथिको असरलाई स्पष्ट रूपले पहिचान गरेको हुन्छ । यसको पहिचान लैङ्गिक असमानता, नीति र सम्बन्धको विश्लेषण गरेर हुन्छ, जसले लैङ्गिक समतालाई कार्यक्रममा सम्बोधन गर्न मद्दत पुग्छ ।
- **"लैङ्गिक शोषित" (Gender Exploitative)** भन्नाले परियोजना निर्माण, कार्यान्वयन र त्यसको मूल्याङ्कन गर्ने शैली हो, जसले स्थापित लैङ्गिक मूल्य मान्यता र असमान शक्ति समिकरणको प्रयोग गरि स्वास्थ्य कार्यक्रमको उद्देश्य पूरा गर्न मद्दत गर्छ ।
- **"लैङ्गिक मिलनसार" (Gender Accommodating)** लैङ्गिक मान्यता तथा असमानताका भूमिकालाई स्विकार गरी समावेश गरेको हुन्छ तथा तिनीहरूलाई अनुकूल बनाउन कार्यहरूको विकास गरेको हुन्छ र प्रायः क्षतिपूर्ति दिने हुन्छ । जबकी त्यस्ता परियोजना सक्रिय रूपले परिवर्तित हुँदैनन् ।
- **"लैङ्गिक रुपान्तरण" (Gender Transformation)** भन्नाले स्वतःस्फूर्त रूपमा प्रश्नोत्तर गरि चलिआएको प्रचलन परिवर्तन गर्ने शैली हो, जसले स्वास्थ्य कार्यक्रममा उद्देश्य र लैङ्गिक समता पूरा गर्ने मद्दत गर्छ ।
- **"लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक" (Gender and Sexual Minority)** भन्नाले पुरूष समलिङ्गी, महिला समलिङ्गी, आदि...सम्झनु गर्छ ।

**संसद् सहयोग परियोजना**
**संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) नेपाल**
तारा हाउस
सानेपा, ललितपुर, नेपाल ।
पो.ब. नं. १०७
काठमाण्डौं, नेपाल ।
फोन नं.००९७७–१५०१३०५६
फ्याक्स नं.००९७७–१५०१३०५५
Website: www.np.undp.org/psp